# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: ०७९/८०

च.नं.:

मितिः २०८०/०२/०३

## स्वास्थ्य संस्था दर्ता गर्ने सम्बन्धि धनगढी उप-महानगरपालिकाको सुचना

यस धनगढी उप-महानगरपालिका अन्तरगत हाल संचालन भइरहेका (स्वास्थ्य संस्था संचालन इजाजतपत्र नलिएका), नया स्वास्थ्य सेवा संचालन गर्न चाहने र नविकरण गर्न बाकी तपसिल बमोजिमका स्वास्थ्य संस्थाहरुले यस धनगढी उप-महानगरपालिकाको " **धनगढी उप-महानगरपालिका स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नती तथा सेवा थप सम्बन्धि कार्यविधि, २०७७**" को दफा ५ बमोजिम यो सुचना प्रकासित भएको मितिले १५ दिन भित्रमा देहायका विवरण र कागजात संलग्न राखी पालिकामा आवेदन गर्न हुन सम्बन्धित सबैका लागी यो सुचना प्रकासित गरिएको छ।

उक्त समयाबधि उप्रान्त यस धनगढी उप-महानगरपालिका अन्तरगत कहिँ कसैले स्वास्थ्य संस्था संचालन इजाजत नलिई संचालन गरेको पाइएमा सोही कार्यविधिको दफा १३ बमोजिम कारबाही भइजाने व्यहोरा सबैमा सुचित गरिन्छ।

### तपसिल

| स्वास्थ्य संस्थाहरु | आवश्यक कागजातहरु |
|---|---|
| १५ शैया सम्मको अस्पताल | अनुसुची ४ बमोजिमको निवेदन र आवश्यक कागजातहरु |
| स्वास्थ्य क्लिनिक, आयुर्वेद क्लिनिक, सेवारिग्पा(आम्ची) क्लिनिक, होमियोप्याथी क्लिनिक, फार्मेसी खुद्रा, र यस्तै प्रकारका अन्य क्लिनिकहरु | अनुसुची ५ बमजिमको निवेदन र आवश्यक कागजातहरु |
| फिजियोथेरापी केन्द्र, पुर्नस्थापना केन्द्र(मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारिरीक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु | |
| जेरियाट्रिक परामर्श केन्द्र/ जेष्ठ नागरिक सेवा केन्द्र, असहाय सेवा केन्द्र | |
| डि र इ वर्गको प्रयोगशाला | |

सम्पर्क व्यक्तिः योगेश कुमार अवस्थी (९८६५९५६८९२)

बोधार्थ:

श्री सूचना तथा प्रबिधि शाखा- वेबसाईट र पेजमा अपलोड गरिदिन हुन

नरेन्द्र बहादुर खाती

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत